२०६६ साल असार १० गते रोज ४ का दिन १६.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. वरिष्ठ आर्थिक सल्लाहकार नियुक्ति गर्ने (श्री केशवप्रसाद आचार्यलाई) विषयको अर्थ मन्त्रालयको नं. २।१९-०६६।३।५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२. वित्तीय संस्थाहरू र उपकरणहरू-करका चुनौतिहरू तथा समाधानका उपायहरू विषयक तेस्रो अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन पठाउने (नि. राजश्व सचिव कृष्णहरि बाँस्कोटालाई) विषयको अर्थ मन्त्रालयको नं. २।२०-०६६।३।८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. बढुवा नियुक्ति र पदस्थापना गर्ने (श्री धनन्जय झा समेत) विषयको परराष्ट्र मन्त्रालयको नं. ८।९-०६६।३।९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४. क्यानडा, दक्षिण अफ्रिका, कुवेत र ब्राजिलमा नेपालको राजदूताबास स्थापना गर्ने विषयको परराष्ट्र मन्त्रालयको नं. ८।१३-०६६।३।१० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने -

५. OHCHR-Nepal को कार्यावधि थप गर्ने विषयको परराष्ट्र मन्त्रालयको नं. ८।१४-०६६।३।१० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

६. United Nations Mission in Nepal (UNMIN) को कार्यावधि थप गर्ने विषयको परराष्ट्र मन्त्रालयको नं. ८।१५-०६६।३।१० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

७. International Renewable Energy Agency (IRENA) को दोस्रो Preparatory Commission को बैठकमा भाग लिने (मा. ऊर्जा मन्त्रीले) विषयको विज्ञान तथा प्रविधि मन्त्रालयको नं. १४क।१-०६६।३।९ को प्रस्ताव - प्रस्तावित कार्यक्रमको नेतृत्व इजिप्टका लागि नेपाली राजदूतले गर्ने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

८. आन्तरिक रुपमा विस्थापित परिवारका लागि निर्मित पुनःस्थापन केन्द्र ब्लकहरूको स्वामित्व हस्तान्तरण गर्ने विषयको भौतिक योजना तथा निर्माण मन्त्रालयको नं. १०।१०-०६६।३।७ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ “निर्णय हुनु पर्ने व्यहोरा” अन्तर्गत प्रस्तावित शर्तमा “उल्लिखित घर जग्गा धितोमा राखी ऋण लिन नपाउने” भन्ने शर्त थप गर्ने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

९. स्वेच्छिक अवकास दिने (श्री बद्रिगोविन्द राजकर्णिकार समेतलाई) विषयको सामान्य प्रशासन मन्त्रालयको नं. १८।१७-०६६।३।७ को प्रस्ताव - मिति २०६६।३।१४ गतेदेखि लागू हुने गरी स्वेच्छिक अवकास दिने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१०. विश्व स्वास्थ्य संगठन दक्षिण पूर्वी एशिया क्षेत्रीय कार्यालयको उच्चस्तरीय तयारी बैठकमा भाग लिन पठाउने विषयको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नं. २२।२८-०६६।३।१० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

११. भौतिक योजना तथा निर्माण मन्त्रालयका निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव ( भौतिक योजना) श्री उमाकान्त झालाई सिंचाई मन्त्रालयको सचिव पदमा सरुवा गर्ने ।

१२. मन्त्रिपरिषद्को मिति २०६५।९।२३ र मिति २०६५।१०।२ को निर्णयबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४६. अन्तर्गत गठित विशेष समितिलाई पुनर्गठन गर्ने अख्तियारी सम्माननीय प्रधानमन्त्रीलाई प्रत्यायोजन गर्ने ।

२०. राष्ट्रिय योजना आयोगको सदस्यमा देहायका महानुभावहरुलाई नियुक्ति गर्ने :–
(क) प्रा.डा. पुष्कर बज्राचार्य, काठमाडौं,
(ख) प्रा.डा. तीर्थराज खनियाँ, चितवन,
(ग) डा. चेतराज पन्त, डोटी ।

२०६६ साल असार ८ गते रोज २ का दिन १५.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा झापा, बैगुन्धुरा-३ निवासी डा. युवराज खतिवडालाई नियुक्ति गर्ने ।

२. यसैसाथ संलग्न सरकारी वार्ता टोली र नेपाल पिछडा वर्ग (OBC) महासंघको वार्ता टोलीबीच मिति २०६६।३।७ गते भएको सहमति अनुमोदन गर्ने ।

२०६६ साल असार ४ गते रोज ५ का दिन १६.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. उपक्षेत्रीय पर्यटन विकासका लागि संजाल र गन्तब्य पूर्वाधार सुधार आयोजनाका लागि एसियाली विकास बैंकले उपलव्ध गराउने सहायता सम्बन्धमा नेपाल सरकार र उक्त बैंकका प्रतिनिधिहरूबीच सो बैंकको मुख्य कार्यालय मनिलामा हुने वार्तामा भाग लिन नेपाली वार्ता टोली गठन गरी त्यसतर्फ पठाउने विषयको अर्थ मन्त्रालयको नं. २।१४-०६६।२।२४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२. नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम कार्यान्वयन योजना प्रथमको निमित्त अष्ट्रेलिया सरकारबाट प्रस्तावित सहयोग स्वीकार गरी सोसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।१६-०६६।२।२६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. निजामती सेवाका कर्मचारीहरूको स्वैच्छिक अवकाश योजनामा सहभागी हुने कर्मचारीहरूको आयकर गणना गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।१७-०६६।२।२६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४. दक्षिण एसिया उपक्षेत्रीय आर्थिक सहायता अन्तरगत सूचना तथा सञ्चार प्रविधि कार्यकारी समूहः सूचना मार्ग आयोजना सञ्चालक समितिको पाँचौं बैठकमा भाग लिन पठाउने विषयको अर्थ मन्त्रालयको नं. २।१८-०६६।२।३१ को प्रस्ताव - अब उप्रान्त राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृतहरूलाई नीतिगत परिवर्तन वा नयाँ कार्यक्रमहरूको कार्यान्वयनको सन्दर्भमा मात्र अत्यावश्यक देखिएको अध्ययन भ्रमण कार्यक्रममा पठाउने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

५. साझा प्रकाशन सहकारी संस्था लिमिटेडलाई अनुदान रकम उपलब्ध गराउने विषयको कृषि तथा सहकारी मन्त्रालयको नं. ५।२५-०६६।३।३ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत रहेको "प्रकाशन सम्बन्धी कार्यका साथै" भन्ने व्यहोरा हटाई अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

६. Social Protection Responses to the Three Waves of Crisis : Finance, Food and Fuel विषयक कार्यक्रममा भाग लिन पठाउने (सचिवलाई) विषयको महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको नं. ११।५-०६६।२।२७ को प्रस्ताव - सचिवले कार्यक्रममा भाग लिई सक्नु भएकाले सोको समर्थन गर्ने ।

७. विवाद समाधानका लागि समुदायमा आधारित मध्यस्थता बोर्डसम्बन्धी अध्ययन भ्रमणमा भाग लिने ( नि. समन्वयकर्ता श्री दिनेश अधिकारीले) विषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नं. १५।९-०६६।३।२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

८. उच्चस्तरीय शिक्षक शिक्षा सम्बन्धी आयोजनाको AIT Thailand र NCED को संयुक्त आयोजनामा सञ्चालन भएका कार्यहरूको कार्यशाला गोष्ठीमा भाग लिने (सचिवले) विषयको शिक्षा मन्त्रालयको नं. १६।६-०६६।२।२४ को प्रस्ताव - सचिवले कार्यक्रममा भाग लिई सक्नुभएकाले सोको समर्थन गर्ने ।

९. रा.प.प्रथम श्रेणीमा बढुवा नियुक्ति गर्ने (श्री रेश्मीराज पाण्डे समेतलाई) विषयको सामान्य प्रशासन मन्त्रालयको नं. १८।१५-०६६।३।४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१०. World Heritage Committee को ३३ औ वार्षिक साधारण सभामा भाग लिन जाने (सचिवको नेतृत्वमा) विषयको संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालयको नं. २०।७-०६६।२।२७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

११. Vital Events र Civil Registration System सम्बन्धी अध्ययन अवलोकन भ्रमणमा पठाउने (नि. सचिव नगरपालिका व्यवस्था) श्री यज्ञप्रसाद गौतमलाई) विषयको स्थानीय विकास मन्त्रालयको नं. २१।६-०६६।२।२६ को प्रस्ताव - सचिवले कार्यक्रममा भाग लिई सक्नुभएकाले सोको समर्थन गर्ने ।

१२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री लीलामणि पौडेलको मिति २०६६।२।३१ को निवेदनलाई दृष्टिगत गरी चीनको तिव्वत सम्बन्धी ज्ञान विज्ञान प्रतियोगिताको विशेष पुरस्कार ग्रहण

गर्ने कार्यक्रमका लागि चीन भ्रमण गर्ने निमन्त्रणा अनुसार जुन २९ देखि जुलाई ८, २००९ सम्म चीनमा भ्रमणमा जान स्वीकृति दिने ।

१३. राष्ट्रिय योजना आयोगका सदस्य श्री रत्नेश्वरलाल कायस्थले मिति २०६६।३।२ देखि लागू हुने गरी राष्ट्रिय योजना आयोगको सदस्य पदबाट दिनुभएको राजिनामा सधन्यवाद स्वीकृत गर्ने ।

१४. व्यवस्थापिका-संसद्, अन्तर्राष्ट्रिय सम्बन्ध र मानव अधिकार समितिको मिति २०६६।२।२४ को पत्रलाई दृष्टिगत गरी दाङ्ग जिल्लाको राजपुर, कोइलावास लगायतका स्थानबाट विस्थापित भएका नेपालीहरूलाई पुनर्स्थापना गर्नका लागि सो स्थानमा देहायबमोजिमको व्यवस्था मिलाउन सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने -

(क) हेल्थ पोष्ट एक स्थापना गर्ने ।

(ख) खानेपानीको व्यवस्था मिलाउने ।

(ग) यातायातलाई सुव्यवस्थित गर्न ग्राभेल सडकको व्यवस्था गर्ने ।

(घ) शिक्षा दीक्षाका लागि माध्यमिकस्तरको विद्यालय स्थापना गर्ने ।

(ङ) टेलिफोन सञ्चालनको व्यवस्था मिलाउने ।

(च) सहकारी उपभोक्ता पसलको व्यवस्था गर्ने ।

(छ) सुरक्षाका लागि सशस्त्र प्रहरी बलको इकाइ स्थापना गर्ने ।

१५. नेपाल सरकार, मन्त्रिपरिषद्को प्रवक्तामा माननीय सूचना तथा सञ्चार मन्त्रीलाई तोक्ने ।

१६. देशको विभिन्न भागमा विभिन्न माग राखी बन्द, हडताल, चक्काजाम भइरहँदा सर्वसाधारण जनतालाई अत्यन्त ठूलो कष्ट मर्का परेको यथार्थलाई गम्भीरतापूर्वक लिँदै त्यस्ता मागहरू वार्ताको माध्यमबाट पूरा हुनसक्ने भएकाले सबै पक्षलाई आ-आफ्नो मागका सम्बन्धमा वार्ताद्वारा निष्कर्षमा पुग्न अनुरोध गर्दै बन्द, हडताल, चक्काजाम जस्ता कार्यक्रम सञ्चालन नगर्न सम्बन्धित सबैलाई आह्वान गर्ने ।

१७. मुलुक नयाँ संविधान निर्माणको चरणमा प्रवेश गरिसकेको वर्तमान परिवेशमा देशका विभिन्न भागमा राजनैतिक उद्देश्यले द्वन्द्वरत सशस्त्र समूहलाई वार्ताको माध्यमबाट समस्याको समाधान गरी राष्ट्रिय जीवनको मूलधारमा ल्याउन नेपाल सरकारको तर्फबाट वार्ताका लागि आह्वान गर्ने र सोको समन्वयका लागि माननीय शान्ति तथा पुनर्निर्माण मन्त्री रकम चेम्जोङलाई जिम्मेवारी दिने । यस कार्यका लागि माननीय गृह मन्त्रीसंग समन्वय गरी प्रारम्भिक कार्यहरू गर्ने ।

१८. स्व.पण्डित नारायणप्रसाद पोखरेललाई धार्मिक सहिद घोषणा गर्ने ।

१९. मं.प.बै.सं. ३३।०६५ मिति २०६५।९।२ गतेको मन्त्रिपरिषद्को बैठकबाट मधेशी युवा फोरमका उपत्यका अध्यक्ष जीतेन्द्रप्रसाद साहको सम्बन्धमा जाँचबुझ गर्न गठित आयोगले पेश गरेको न्यायिक जाँचबुझ आयोग, २०६५ को प्रतिवेदन कार्यान्वयनका लागि गृह मन्त्रालयमा पठाउने ।

२०. देहायबमोजिम गर्ने -

(क) मं.प.बै.सं. ४।०६६ मिति २०६६ साल वैशाख २० गते रोज १ का दिन मन्त्रिपरिषद्को बैठकबाट नेपाली सेनाका प्रधानसेनापति सम्बन्धमा भएको सम्पूर्ण निर्णय विधि तथा कानूनसम्मत नभएको र कार्यान्वयनमा प्रक्रियागत त्रुटि रहेकोले उक्त निर्णय प्रारम्भदेखि नै रद्द गर्ने ।

(ख) मं.प.बै.सं. ५।०६६ मिति २०६६ साल वैशाख २१ गते रोज २ का दिन तत्कालीन मन्त्रिपरिषद्बाट भएको निर्णय नं. १. को खण्ड (क) मा लेखिएको विषय अनुपयुक्त र त्रुटिपूर्ण भएकोले सो निर्णय रद्द गर्ने ।

२१. कानून तथा न्याय मन्त्रालयको मिति २०६६।३।४ को पत्रानुसार २२ जुन देखि २४ जुन, २००९ मा श्रीलंकाको कोलम्वोमा आयोजना हुने South Asian Regional Meeting for Environmental Prosecutors विषयक क्षेत्रीय बैठकमा महान्यायाधिवक्ताको कार्यालयका नायव महान्यायाधिवक्ता श्री सूर्यप्रसाद कोइरालालाई भाग लिन जान स्वीकृति दिने ।

२२. तत्कालीन कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयमा रहेको नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव (संविधान सभा व्यवस्था) पदलाई संघीय मामिला, संविधान सभा,

संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयमा नेपाल न्याय सेवाको सचिव (संविधान सभा तथा संसदीय व्यवस्था) पद स्थानान्तरण गर्ने ।

२३. देहायबमोजिम गर्ने -

(क) तत्कालीन कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयका सचिव (संविधान सभा व्यवस्था) डा. त्रिलोचन उप्रेतीलाई संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयको सचिव (संविधान सभा तथा संसदीय व्यवस्था) मा कायम गर्ने ।

(ख) तत्कालिन जलस्रोत मन्त्रालयका सचिव श्री शंकरप्रसाद कोइरालालाई अर्को व्यवस्था नभएसम्म ऊर्जा मन्त्रालय र सिचाई मन्त्रालयको सचिवको कार्य गर्न तोक्ने ।

(ग) तत्कालिन वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव श्री उमेशप्रसाद मैनालीलाई अर्को व्यवस्था नभएसम्म वातावरण मन्त्रालय र विज्ञान तथा प्रविधि मन्त्रालयको सचिवको कार्य गर्न तोक्ने ।

२४. नेपाली कांग्रेस, ने.क.पा. (एमाले) र मधेशी जनअधिकार फोरम लगायत विभिन्न दलका शीर्ष नेताहरूबाट हस्ताक्षर भएका देहायका सहमति अनुमोदन गर्ने -

(क) संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रम

(ख) संयुक्त सरकार सञ्चालन कार्यविधि

(ग) राजनीतिक समन्वय समिति

(घ) मन्त्रीहरूले पालना गर्नुपर्ने आचारसंहिता